# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी


वर्ष-११, अंक-०५ | अवधिः २-८ जेठ, २०८२ | २ जेठ, २०८२

## मौसमी सारांशः

- गत साता देशका अधिकांश केन्द्रहरुमा हल्का देखि भारी वर्षा मापन गरिएको छ भने सबैभन्दा बढी कोशी प्रदेशको संखुवासभा जिल्लामा रहेको नुम केन्द्रमा ३२९.८ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ। लुम्बिनी प्रदेश र सुदूर-पश्चिम प्रदेशका एक-दुई तराईका स्थानहरुमा ४०.० डि.से भन्दा बढी तथा अन्य तराईका अधिकांश स्थानहरुमा ३५.० डि.से. भन्दा बढी अधिकतम तापक्रम मापन गरिएको छ भने लुम्बिनी प्रदेशको रूपन्देही जिल्लामा रहेको भैरहवा एयरपोर्ट केन्द्रमा सबैभन्दा बढी ४०.६ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ५.० डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।
- यस साता स्थानीय वायु र पश्चिमी वायुको प्रभाव रहने देखिन्छ। साताको शुरुमा बङ्गालको खाडी र अरब सागरबाट भित्रिने जलवाष्पयुक्त तथा साताको मध्य र अन्त्यमा बङ्गालको खाडीबाट भित्रीने जलवाष्पयुक्त हावाको समेत प्रभाव रहने देखिन्छ।
- **उच्च पहाडी तथा हिमाली भू-भागः** कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना सम्भावना छ। कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा साताको शुरू र अन्त्यमा एक-दुई स्थानमा तथा मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना छ।
- **पहाडी भू-भागः** साताभर थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ हल्का देखि मध्यम वर्षाको सम्भावना छ। कर्णाली प्रदेशमा साताको शुरूमा एक-दुई स्थानमा तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साथै साताको मध्यमा बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेश तथा साताको मध्य र अन्त्यमा कोशी प्रदेशका एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना छ।
- **तराई भू-भागः** कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा साताको शुरुमा एक-दुई स्थानमा तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ हल्का देखि मध्यम वर्षाको सम्भावना छ। सुदुरपश्चिम प्रदेशमा साताको शुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साथै साताको मध्यमा बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेश र साताको मध्य र अन्त्यमा कोशी प्रदेश र मधेश प्रदेश एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना छ।


## कृषि सारांश

- यो साता स्थानीय वायु र पश्चिमी वायुका साथै बङ्गालको खाडी र अरब सागरबाट भित्रिने जलवाष्पयुक्त तथा साताको मध्य र अन्त्यमा बङ्गालको खाडीबाट भित्रीने जलवाष्पयुक्त हावाको समेत प्रभाव रहने र पहाडी तथा तराई भू-भागको एक-दुई स्थानमा भारी बर्षाको सम्भावना रहेकाले मकैबाली, तरकारी तथा फलफुल बगैंचामा पानी निकाशको उचित प्रबन्ध गर्नुहोस्। साथै पाकिसकेको गहुँ भित्र्याउँदा खेतमा नछाड्ने गरी मौसमको अवस्था हेरी गहुँ भित्र्याउनुहोस्।
- गहुँको दानामा चिस्यानको मात्रा १०-१२ प्रतिशत कायम हुने गरी सुकाएर हावा नछिर्ने भाँडाहरु जस्तै- घ्याम्पो, सीड बिन, आधुनिक ब्यागहरुमा भण्डारण गर्नुहोस्। गोदामलाई अघिल्लो बालीको अन्न तथा अन्य भण्डारण सामग्री हटाएर राम्ररी सफा गर्नुहोस्। साथै, भण्डारणका लागि प्रयोग हुने बोरालाई ५% नीमको घोल अथवा मालाथियन ०.२५% को घोलले बोरा उपचार गरी घाममा सुकाएर मात्र प्रयोग गर्नुहोस्। यसले रोग र कीराहरूका विभिन्न अवस्थाहरु नष्ट हुन्छन्।
- मध्यपहाडी जिल्लाहरुमा लगाईएको आलु मौसमको अवस्था हेरी खन्नुहोस्। खनेको आलुलाई घाम नपर्ने, हावा खेल्ने ठाउँमा राम्ररी फिजाएर राख्नुहोस् साथै स्वस्थ र रोगि आलुका दानाहरुलाई छुट्टैछुटै भण्डारण गर्नुहोस्।
- आलुको पुतली (जोताहा कीरा) ले सामान्यतया भण्डारणमा असर गर्ने भएतापनि आलु खन्ने समयमा लामो समयसम्म खेतबारीमा थुपारेर राख्दा उक्त थुप्रोमा पुतलीले फुल पार्ने र भण्डारणमा असर गर्ने भएकोले खन्ने समयमा ध्यान पुर्याउनुहोस्।
- वर्षे फलफूल वगैंचा स्थापनाका लागि छनोट गरिएको जमिनमा सिफारिस अनुसार खाडल तयारी गरी गुणस्तरीय विरुवाको श्रोत सुनिश्चित गर्नुहोस्।
- स्ट्रबेरीको पात थोप्ले रोग व्यवस्थापनको लागि २ ग्राम क्लोरथालोनिल प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा ३-४ पटकसम्म सम्पूर्ण बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।
- बाह्य परजीवीहरू (जुम्रा, किर्ना, उपियाँ, जुम्रा आदि) ले बाखाको स्वास्थ्यलाई गम्भीर असर पार्न सक्छन्। यी परजीवीहरूबाट बाखालाई जोगाउन डिपिङ विधि अपनाउनुहोस्।
- प्रि-मनसुनको समयमा हुने तापीय आघात तथा हावाहुरी, असिना पानीबाट बचाउन माछापोखरीमा पानीको गहिराई कम्तीमा १.५ मिटर कायम राख्नुहोस्।
- कृषि र पशु सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस् ।





**साप्ताहिक कुल वर्षाः** ११६ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार गत साता देशका अधिकांश केन्द्रहरुमा हल्का देखि भारी वर्षा मापन गरिएको छ। वर्षा मापन भएका धेरै केन्द्रहरुमा सरदर भन्दा कम वर्षा मापन गरिएको छ भने सबैभन्दा बढी कोशी प्रदेशको संखुवासभा जिल्लामा रहेको नुम केन्द्रमा ३२९.८ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक कुल वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** १२० वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी अधिकतम तापक्रम मापन भएको छ। लुम्बिनी प्रदेश र सुदूर-पश्चिम प्रदेशका एक-दुई तराईका स्थानहरुमा ४०.० डि.से भन्दा बढी तथा अन्य तराईका अधिकांश स्थानहरुमा ३५.० डि.से. भन्दा बढी अधिकतम तापक्रम मापन गरिएको छ भने लुम्बिनी प्रदेशको रूपन्देही जिल्लामा रहेको भैरहवा एयरपोर्ट केन्द्रमा सबैभन्दा बढी ४०.६ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** ११७ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार गत साता देशका अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी न्यूनतम तापक्रम मापन भएको छ। लुम्बिनी प्रदेश र कोशी प्रदेशका तराईका थोरै स्थानहरुमा तथा मधेश प्रदेशका केही स्थानहरुमा २५.० डि.से. भन्दा बढी न्यूनतम तापक्रम मापन गरिएको छ भने गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ५.० डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः*** *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशत भन्दा कम देखि १० प्रतिशत भन्दा बढीको वर्षालाई जनाउँछ।*
*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से. भन्दा कम देखि ०.२ डि.से. भन्दा बढीको तापक्रमलाई जनाउँछ।*
*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रवार देखि बिहिवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहिवार देखि बुधवार सम्मको तथ्याङ्कलाई लिएर नक्सा तयार गरिएको छ।*

| आगामी साता (२-८ जेठ २०८२) को मौसमी परिदृष्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन/ चट्याङ्ग, हावाहुरी) | कैफियत (मौसम प्रणाली) |
| कोशी प्रदेश | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ/ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| मधेश प्रदेश | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | मध्य र अन्त्यमा हल्का घट्ने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरुमा आंशिक बदली तथा मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरुमा एक-दुई स्थान तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। साथै मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| वागमती प्रदेश | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। मध्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | मध्य र अन्त्यमा हल्का घट्ने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरुमा आंशिक बदली तथा मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरुमा एक-दुई स्थान तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। साथै मध्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना |
| गण्डकी प्रदेश | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। मध्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | मध्य र अन्त्यमा हल्का घट्ने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरुमा आंशिक बदली तथा मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरुमा एक-दुई स्थान तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। साथै मध्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **लुम्बिनी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षा र मध्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना |
| | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | मध्य र अन्त्यमा हल्का घट्ने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरुमा आंशिक बदली तथा मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरु र अन्त्यमा एक-दुई स्थान र मध्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना। साथै मध्यमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताभर आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरू र मध्यमा थोरै स्थानहरूमा तथा अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/ चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरुमा मुख्यतया सफा देखि आंशिक बदली तथा मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरुमा एक-दुई स्थानमा तथा मध्य र अन्त्यमा थोरै स्थानहरूमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना |
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरू र मध्यमा थोरै स्थानहरूमा तथा अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/ चट्याङ सहित हल्का वर्षा/हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | थोरै स्थानहरूमा मेघगर्जन/ चट्याङ सहित हल्का देखि मध्यम वर्षा र मध्यमा एक-दुई स्थानमा भारी बर्षाको सम्भावना |
| | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साताको शुरुमा मुख्यतया सफा देखि आंशिक बदली तथा मध्य र अन्त्यमा आंशिक देखि साधारणतया बदली | मेघगर्जन/चट्याङ | साताको शुरू र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षा तथा मध्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा र एक-दुई स्थानमा भारी बर्षाको सम्भावना |

*नोटः साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्बन्धी विस्तृत जानकारीको लागी हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट* **http://www.dhm.gov.np/mfd** *हेर्नुहोस्।*

# कृषि सल्लाह

## खाद्यान्नबाली

- यस साता स्थानीय वायु र पश्चिमी वायुका साथै बङ्गालको खाडी र अरब सागरबाट भित्रिने जलवाष्पयुक्त तथा साताको मध्य र अन्त्यमा बङ्गालको खाडीबाट भित्रीने जलवाष्पयुक्त हावाको समेत प्रभाव रहने र पहाडी तथा तराई भू-भागको एक-दुई स्थानमा भारी बर्षाको सम्भावना रहेकाले मकैबाली, तरकारी तथा फलफुल बगैंचामा पानी निकासको उचित प्रबन्ध गर्नुहोस्। साथै पाकिसकेको गहुँ भित्र्याउँदा खेतमा नछाड्ने गरी मौसमको अवस्था हेरी गहुँ भित्र्याउनुहोस्।

- प्रि-मनसुनको समयमा मध्यान्हपछि चटयाङ, हावाहुरी र असिनाको सम्भावना बढी हुने भएकाले सम्भावित जोखिमबाट जोगिन कृषि कर्म/पशुपालन गर्दा बिशेष सावधानी अपनाउनुहोस्।
- वर्षे धानबालीवाट राम्रो उत्पादन लिन आफूले लगाउन चाहेको ठाँउ अनुसारको लागि सिफारिस गरिएका धानका उन्नत जातहरुको बीउ भरपर्दो श्रोतबाट समयमा नै व्यवस्था गर्नुहोस्।
  - तराई, भित्रि मधेस, तल्लो पहाडी बेंशीका सिंचित क्षेत्रको लागि बहुगुणी धान-१, बहुगुणी धान-२, हर्दिनाथ-३, हर्दिनाथ-४, हर्दिनाथ हाइब्रिड धान-१, हर्दिनाथ हाइब्रिड धान-३, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान तथा असिंचित क्षेत्रको लागि सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, तरहरा-१ र हर्दिनाथ-२
  - घैया धानको लागि घैया-१, घैया-२ र विन्देश्वरी
  - डुबान/बाढीग्रस्त क्षेत्रका लागि गंगासागर-१, गंगासागर-२, स्वर्ण सब-१ र सम्बा मन्सुली सब-१
  - मध्यपहाडी क्षेत्रका लागि खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, खुमल बासमती-१६
  - छरुवा धानखेतीको लागि तराई तथा भित्री मधेसमा सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, तरहरा-१, हर्दिनाथ-२, घैया-२, राधा-४ र विन्देश्वरी
- सिँचाई र पानीको निकास राम्रो भएको खेतमा मेशिनबाट सुख्खा छरुवा धान खेती गर्नुहुने किसानहरुले मेसिन, बीउ (सो क्षेत्रका लागि सिफारिस) मल, विषादी इत्यादीको व्यवस्थापन गर्नुहोस्। यस प्रविधिबारे विस्तृत जानकारी अनुसूची-२ मा दिईएको छ।
- धानको बीउलाई ब्याडमा राख्न वा सिधै छरुवा बिधिबाट खेतमा छर्नुअघि अनुसूची-३ मा दिईएको बीउ छान्ने बिधिद्वारा बीउलाई छानेर मात्रै प्रयोग गर्नुहोस्।
- धानबालीमा हरियो मलको रुपमा ढैँचा खेतीको व्यवस्थापन बारे अनुसूची-४ मा विस्तृतमा दिईएको छ।
- चैते धानबालीमा नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-५) अनुसारको युरिया मल टपड्रेस गर्नुहोस्। टपड्रेस गरिसकेपछि २४ घण्टासम्म खेतबाट पानी बगेर बाहिर जान नदिनुहोस्।
- चैते धानमा पतेरो कीरा (Rice gundhi bug) लाग्ने समय भएकोले नियमीत अनुगमन गर्नुहोस्। नोक्सानी कम गर्न खेत भित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको बैकल्पिक आश्रय नष्ट गर्ने; प्रकाश पासोको प्रयोग गरी बयस्क कीरालाइ मार्नुहोस्। साथै, बयस्क कीरा व्यवस्थापनको लागि स्थानीय रुपमा डर्टी ट्र्याप (गाई, भैंसीको ताजा पिसावमा कपडा वा जुटको बोरालाई भिजाएर एउटा लट्ठीको छेउमा बाँध्ने र उक्त लट्ठीलाई धानखेतको बीचमा लगेर गाड्ने, ट्र्यापमा आकर्षित भएका पतेरोहरुलाई बाहिरपट्टिबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्ने) को प्रयोग गर्नुहोस्। प्रकोप ज्यादा भएमा मालाथियन ५०% ई.सी. वा साइपरमेथ्रीन २५% ई.सी., २.० एम.एल. प्रति लिटर पानीका दरले बोट राम्ररि भिज्नेगरि साँझको समयमा छर्नुहोस्।
- उच्च पहाडी भेगमा लगाईएको गहुँबालीमा लाग्ने खैरो सिन्दुरे वा पात सिन्दुरे र पहेलो वा धर्से सिन्दुरे रोगको ब्यबस्थापनको लागि ढुसीनासक बिषादी टिल्ट १ एम.एल. वा नटीभो ०.५ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा आवश्यकता अनुसार सम्पूर्ण पातहरु भिज्नेगरि छर्केर उपचार गर्नुहोस् वा नजिकैको कृषि ज्ञान केन्द्र वा कृषि प्रयोगशालामा सम्पर्क राख्नुहोस्।
- गहुँको दानामा चिस्यानको मात्रा १०-१२ प्रतिशत कायम हुने गरी सुकाएर हावा नछिर्ने भाँडाहरु जस्तै- घ्याम्पो, सीड बिन, आधुनिक ब्यागहरुमा भण्डारण गर्नुहोस्। गोदामलाई अघिल्लो बालीको अन्न तथा अन्य भण्डारण सामग्री हटाएर राम्ररी सफा गर्नुहोस्। साथै, भण्डारणका लागि प्रयोग हुने बोरालाई ५% नीमको घोल अथवा मालाथियन ०.२५% को घोलले बोरा उपचार गरी घाममा सुकाएर मात्र प्रयोग गर्नुहोस्। यसले रोग र कीराहरूका विभिन्न अवस्थाहरु नष्ट हुन्छन्।
- खाद्यान्नको लागि प्रयोग गरिने गहुँ भण्डारणमा कीराबाट जोगाउन भकारीको माथिल्लो भागमा ४-५ ईन्च जति छहारीमा सुकाएको सुकिलो नीम, बकाइनो र तितेपाती जस्ता बोट विरुवाको पातहरु प्रयोग गर्नुहोस्।

- बीउको लागि मात्र प्रयोग गरिने गहुँ भण्डारणमा कीरा लाग्न नदिन सेलफस विषादी १ पुरिया (१० ग्राम) प्रति मेट्रिक टन (१० क्विन्टल) भण्डारण गरेको बीउमा ६-१२ ईन्च भित्र हावा नछिर्ने गरि बन्द गरि राख्नुहोस् ।
- वर्षायाममा मध्यपहाडी क्षेत्रमा लगाईने मकैको सिफारिस जातहरु मनकामना-१, मनकामना-३, मनकामना-४, मनकामना-५, मनकामना-६, पोषिलो मकै-१, खुमल पहेंलो, सितला, देउती, खुमल हाइब्रिड-२ (बर्णशंकर मकै) आदि तथा छिटो पाक्ने मकैका जातहरु अरुण-३, अरुण-४, अरुण-६ प्रति रोपनी १-१.५ के.जी. का दरले छर्नुहोस्।
- वर्षे मकै लगाउन जग्गा तयारीको बेला नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-६) अनुसारको युरिया मल टपड्रेस गर्नुहोस्।
- पहाडका लागि सिफारिस गरिएका भटमासका उन्नत जातहरु (तरकारी भटमास १, लुम्ले भटमास १, सेती, पुजा, रेन्सम र खजुरा भटमास-१) राइजोबियम जीवाणुले उपचार गरी लगाउनुहोस्।
- भटमास एकल बालीको रुपमा लाईनमा लगाउँदा १ हार देखि अर्को हारको दूरी ५० से.मी. र बोटबाट बोटको दूरी १०-१५ से.मी. मा बीउलाई ३-४ से.मी. गहिरोमा २.५-३.० के.जी प्रति रोपनीका दरले बीउ प्रयोग गरी रोप्नुहोस् तर भटमास मकैसँग अन्तरबालीको रुपमा लगाउदा मकैको हारको दूरी १ मीटर र एक बोट देखि अर्को बोट सम्मको दूरी २५ से.मी. हुने गरि १ हार मकै र २ हार भटमास लगाउनुहोस्।
- भटमास लगाउने जग्गा तयारीको समयमा ४.४ के.जी. डि.ए.पि., ५०० ग्राम युरिया र १.७ के.जी. म्युरेट अफ पोटास प्रति रोपनी अथवा २.९ के.जी. डि.ए.पि., ३२० ग्राम युरिया र १.१ के.जी. म्युरेट अफ पोटास प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाईसकेपछि बीउ छर्नुहोस्।

## फलफूल बाली

- बढी तापक्रममा चुसाहा कीराहरुको सक्रियताले फलफूल बालीमा कालो ध्वाँसे ढुसी (Sooty Mold) देखिने हुँदा नयाँ पात र पालुवामा कालो ध्वाँसे ढुसी देखिएमा १५ एम.एल खनिज तेल प्रति लिटर पानीमा घोली १०-१२ दिनको फरकमा ढुसी लागेको भाग भिज्नेगरि छर्कनुहोस् ।
- वर्षे फलफूल वगैंचा स्थापनाका लागि छनोट गरिएको जमिनमा सिफारिस अनुसारको खाडल तयारी गरी गुणस्तरीय विरुवाको श्रोत सुनिश्चित गर्नुहोस् ।
- हिउँदको समयमा रोपिएका लेकाली फलफूल तथा अन्य नर्सरीमा लगाएका कटिङ, ग्राफ्टिङ र बीजु विरुवाहरुलाई सुख्खाबाट जोगाउन बोटको वरिपरि छापो राखी आवश्यकता अनुसार सिंचाई व्यवस्थापन गर्नुहोस् ।
- अनार तथा अंगुरमा धुले ढुसी रोगको अनुगमन गर्नुहोस्। रोगको प्रकोप देखिएमा सल्फरयुक्त विषादी १.५ ग्राम प्रति लिटर पानीका दरले १० देखि १२ दिनको फरकमा २ देखि ३ पटक छर्कनुहोस् ।
- अंगुरको गुणस्तरीय फल लिनको लागि झुप्पाको आकार मिलाई ब्यागिंङ्ग गर्नुहोस् ।
- नासपातीको गुणस्तरीय फल लिन साथै चरा र अन्य कीराहरुबाट जोगाउन व्यागिङ्ग गर्नुहोस् ।
- सुन्तलाजात फलफूलमा लाग्ने पुतलीको लार्भाहरु संकलन गरि नष्ट गर्नुहोस्। प्रकोप ज्यादा भएमा क्लोरनट्रानिलिप्रोल (Chlorantraniliprole १८.५ % SC) १ मि .लि. प्रति ३ लिटर पानीमा मिसाई साँझको समयमा छर्नुहोस् ।
- आरुको पात बटारिने समस्या देखिएमा कपर अक्सिक्लोराइड २ ग्राम वा बोर्डो मिश्रण १% वा सल्फर २ ग्राम प्रति लिटर पानीमा घोली पात भिज्नेगरी २ पटक छर्कनुहोस् । यो रोग लाही कीराले सार्ने भएकोले लाही कीराको व्यवस्थापनको लागि डाईमेथोएट ३०% ई.सी. १.५ एम.एल. प्रति लिटर पानीको दरले छर्कनुहोस्।
- तापक्रम बढ्दै जाने क्रम भएकोले केरामा गवारो तथा घुन कीराले नोक्सानी गर्न सक्छ, यसको प्रकोप कम पार्न बगैंचाको सरसफाई गर्ने, एउटा गाँजमा बढीमा ३ वटासम्म मात्र बोट राख्ने र प्रत्येक गाँजमा क्लोरपाइरीफस ४% जी.आर., ३० ग्राम गाँजको वरिपरि रिङ आकारमा कुलेसो बनाई माटोमा राम्रोसँग मिलाईदिनुहोस्। केराको घुन (Rhizome Weevil) को व्यवस्थापनको लागि कीरालाई पासो बनाई आकर्षित गरी नष्ट गर्न केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर तीन वटा

टुक्रा-टुक्राको विचमा स-सानो ढुङ्गा (कंक्रिट) राखेर तयार पार्ने र ठाँउ-ठाँउमा राखेर प्रत्येक दिन यसको अवलोकन गरि ट्र्याप भएको कीरा नष्ट गर्नुहोस्।



चित्रः केराको गानो कुहिने रोग

- केराको गानो कुहिने रोग देखिएमा रोग लागेको बोट विरुवा उखेलेर हटाउने, नयाँ विरुवा सार्नको लागि रोग नलागेको क्षेत्रबाट ल्याउने तथा कार्बेन्डाजिम (बेभीष्टिन) १ लिटर पानीमा २ ग्राम घोली जरा भिज्नेगरि प्रयोग गर्नुहोस्।
- ड्रागन फ्रुटमा लाग्ने क्याङ्कर रोगको प्रकोप व्यवस्थापनको लागि प्रोपिकोनाजोल वा सेक्टिन (फेनामिडोन १% + मेन्कोजेब ५०% डब्लु.जी.) २ ग्राम प्रति लिटर पानीको दरले १५-२० दिनको फरकमा ३-४ पटकसम्म छर्केर उपचार गर्नुहोस्।



चित्रः ड्रागन फ्रुटमा लाग्ने क्याङ्कर रोगको प्रकोप

- जुम्ला लगायत स्याउ उत्पादन हुने स्थानहरुमा लाही कीराको प्रकोप प्रत्येक वर्ष हुने हुनाले नियमीत अनुगमन गर्नुहोस्। लाही कीराबाट संक्रमित हाँगा, मुनाहरु नष्ट गर्नुहोस्। लजालु स्वभावका परजीवी खपटे (Lady bird beetle) कीराहरुले यसलाई नोक्सानी पुर्याउने भएकोले यसको संवर्धन गर्नुहोस् साथै, लाहीको परजिवी कीरा एफिलिनस माली (*Aphelinus mali*) को प्रयोग गर्नुहोस्। खनिज तेल (Mineral oil) १० देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई लाही लागेको स्थानमा भिज्नेगरी सात-सात दिनको अन्तरालमा तीनपटक छर्कनुहोस्।
- स्ट्रबेरीको पात थोप्ले रोग (Cercospora) व्यवस्थापनको लागि २ ग्राम क्लोरथालोनिल प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा ३-४ पटकसम्म सम्पूर्ण बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।



चित्रः स्ट्रबेरीमा पात थोप्ले रोगको प्रकोप

## कफि बाली

- प्रि-मनसुनको समयमा हावाहुरीले कफी बालीको बोटहरु भाँचिन सक्ने भएकोले बगैंचाको अनुगमन गरि भाँचिएका बोटहरुलाई काटछाँट गरि आवश्यकता अनुसार मलखादको प्रवन्ध मिलाउनुहोस् ।
- नर्सरी ब्याड राख्नको लागि मल, माटो र बालुवाको प्रवन्ध गर्नुहोस, बालुवाको ब्याडमा बीउलाई एक रात भिजाएर लाईनमा छर्नुहोस्।
- नर्सरीमा टोपे अवस्थामा आएका बेर्नालाई बालुवा, मल र माटो क्रमशः एक, दुई र तीन भागको मिश्रणलाई ५ x ७ इन्च वा ६ x ८ इन्चको पोली ब्यागमा भरेर बिरुवा सार्नुहोस्।
- कफी बगैंचामा जमिन ढाक्ने बालीहरु जस्तै-कोसेबाली (भटमास, बोडी, घ्यू सिमी आदि) र बगैचा ४ वर्ष पुगेको छैन भने अदुवा, वेसार (हलेदो), बदाम, ढैंचा लगाउनुहोस्।
- कफीबालीमा सिन्दुरे रोगको लक्षण देखिएमा बढी भएको छहारी हटाउनुहोस्। रोग लागेका हाँगा र पातहरु काटेर जलाउनुहोस्। बोर्डो मिश्रण (१%) तयार गरि पातको माथिल्लो र तल्लो भाग समेत भिज्नेगरि छर्कनुहोस्।

## तरकारी बाली

- मध्यपहाडी जिल्लाहरुमा लगाईएको आलु मौसमको अवस्था हेरी खन्नुहोस्। खनेको आलुलाई घाम नपर्ने, हावा खेल्ने ठाउँमा राम्ररी फिजाएर राख्नुहोस् साथै स्वस्थ र रोगि आलुका दानाहरुलाई छुट्टैछुटै भण्डारण गर्नुहोस् ।
- आलुको पुतलीले सामान्यतया भण्डारणमा असर गर्ने भएतापनि आलु खन्ने समयमा लामो समयसम्म खेतबारीमा थुपारेर राख्दा उक्त थुप्रोमा पुतलीले फुल पार्ने र भण्डारणमा असर गर्ने भएकोले खन्ने समयमा ध्यान पुर्याउनुहोस् । तापक्रम वृद्धिसँगै आलुको भण्डारणमा लाग्ने पुतली (जोताहा कीरा) सक्रिय भई ज्यादा नोक्सानी गर्ने भएकोले खनेको आलुलाइ अँध्यारो, सुख्खा र चिसो ठाँउ (१०-१५ डिग्री सेल्सियस तापक्रम) मा काठका बाकस, प्लाष्टिकका क्रेट वा -याकमा फिंजाएर ३ तहसम्म मिलाएर राख्नुहोस्। स्थानीय रुपमा घरमा नै भण्डारण गरेको आलुलाई आलुको पुतलीबाट हुने क्षति कम गर्न बोझोको धुलो २ ग्राम प्रति के.जी. आलुका दरले प्रयोग गर्नुहोस्।
- लहरे तरकारी बालीहरुमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले १५-२०, ४०-४५ र ६०-६५ दिनमा टपड्रेस गर्नुहोस् ।
- लहरे बालीमा लाग्ने शीते ढुसी रोग देखिएमा प्रकोप व्यवस्थापनको लागि रोगग्रस्त, तल्लो र पुराना पातहरु हटाउने, सिंचाई दिँदा स्प्रिङ्कल प्रयोग नगर्ने साथै मेन्कोजेब र मेटाल्याक्जिल जस्ता विषादीहरु २ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा २-४ पटकसम्म सम्पूर्ण पातहरु भिज्नेगरि छर्कनुहोस् ।



चित्रः काँक्रो बालीमा शिते ढुसी रोगको प्रकोप

- काँक्रो, फर्सी समुहको लहरे बालीमा हरेक १५ दिनको फरकमा सुक्ष्म खाध्य तत्व (micro-nutrients) को प्रयोग गर्नुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा लिफ माइनर कीराको प्रकोप कम गर्नको लागि तल-तलको पुरानो पातहरु हटाउनुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीमा पाउडरी मिल्ड्युको व्यवस्थापनको लागि सल्फरयुक्त विषादी (क्याराथेन) १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई सम्पूर्ण पात भिज्नेगरि ७-१० दिनको फरकमा २-३ पटक छर्कनुहोस्।
- काँक्रो, फर्सी समुहको लहरे बालीलाई फल कुहाउने औंसाबाट जोगाउनको लागि क्यु ल्युर युक्त बोटल ट्र्याप प्रति रोपनी ८ वटाको दरले राख्नुहोस्। यस्तै फलफूल बालीमा मिथायल इयुजिनल युक्त बोटल ट्र्याप प्रति कठ्ठा १०-१२ ओटाको दरले राख्नुहोस्। साथै प्रत्येक २ हप्तामा नयाँ क्यु ल्युर फेर्नुहोस् (refilling) वा थप्नुहोस्। मालाथियन ५०% इ.सी., २ एम.एल. प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाँउमा फूल फुल्नु अगाडीदेखि १५-१५ दिनको फरकमा छर्नुहोस्।
- फर्सी समुहको तरकारीमा लाग्ने गम निस्किने डढुवा रोगको ब्यबस्थापनका लागि निम्न उपायहरु अपनाउनुहोस्।
  - रोग लागि मरेका बोटहरु, रोगग्रस्त पातहरु र रोग लागेर ओईलाएका हाँगाहरु रोग लागेका ठाउँ भन्दा ४-५ इन्च मुनिबाट काटेर हटाउनुहोस् र जलाएर नष्ट गर्नुहोस्।



चित्रः फर्सी समुहमा गम निस्कने डढुवा रोगको लक्षण

- बोटहरुको झाँग भित्र राम्ररी हावा चल्ने व्यवस्थापन गर्नुहोस्।
- कम्तिमा दुई वर्षको चक्रमा खासगरी अन्न बालीसंग घुम्ती बाली अपनाउनुहोस्।
- मेन्कोजेब वा क्लोरोथालोनिल युक्त बिषादी २ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण बोट भिज्नेगरि ८ देखि १० दिनको फरकमा मा २-३ पटकसम्म छर्केर उपचार गर्नुहोस्।

- काउली-बन्दा समूहको तरकारी बालीहरुमा बन्दाको पुतलीले पातको तल्लो भागमा समुहमा पहेंलो रंगको फुल पार्दछ र सुरुको अवस्थाका लाभ्राहरुले एकै स्थानमा रहेर नोक्सानी पुर्याउँछ, यस्ता फुल र लाभ्राहरुलाई जम्मा पारी नष्ट गर्नुहोस् । कीराको प्रकोप बढी भएमा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ एस.सी. ०.३ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई कीरा लागेको ठाँउमा भिज्नेगरि साँझपख छर्कनुहोस्। साथै यी बालीहरुमा इट्बुट्टे पुतलीको प्रकोप देखिएमा पनि यहि बिधि अपनाउनुहोस् ।
- खुर्सानीको बेर्नालाई करीव ९ इञ्च अग्लो ड्याङ बनाई बेर्नाको फेदमा खाल्डो नपर्ने गरि सारेर पानी निकासको उचित व्यवस्था मिलाउनुहोस् ।
- मौसमको अबस्था हेरी प्याजलाई खनेर प्याजको गाना छाँयामा सुकाउनुहोस् ।
- गोलभेंडामा लाग्ने गवारो (Fruit borer) कीरा व्यवस्थापनको लागी १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (हेली एन.पि.भी.) २५० LE को १.५ एम.एल. हालेर साँझको समयमा स्प्रे गर्नुहोस्, अथवा व्याक्टेरियाजन्य (बी.टी.) Bt (डाईपेल, बायोलेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुहोस्, अथवा क्लोरानट्रानिलिप्रोल १८.५ इ.सि. ०.३ एम.एल. प्रति लिटर पानीमा मिसाई बोट भिज्नेगरि स्प्रे गर्नुहोस्। साथै कीराले नोक्सानी गरेका फलहरु संकलन गरी खाडलमा पुर्नुहोस् ।

### गोलभेंडाको मोजाइक भाइरसको व्यवस्थापन विधिहरु

- गोलभेंडामा लाग्ने मोजाइक भाइरस सेतो झिँगाले सार्ने भएको हुँदा शुरुमा सेतो झिँगाको नियन्त्रण गर्नुहोस्। यसको लागि एसिटामाइप्रिड २०% एस. पि. ०.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुहोस् ।
- यदि मोजाइक भाइरस कम बोटमा मात्र देखिएको छ भने उक्त बोटहरुलाई उखेलेर जलाउने गर्नुहोस् र बाँकी बोटहरुमा भिरकोन एच १ एम.एल. प्रति लिटर पानीमा घोलेर हरेक हप्ताको अन्तरालमा ३-४ हप्तासम्म स्प्रे गर्नुहोस् ।
- धेरै क्षेत्रफलमा मोजाइक भाइरस लागेको छ भने सबै बोटहरुलाई उखेलेर जलाउनुहोस् ।

## अन्य

- गहुँ लगायतका हिउँदे बाली काटिसकेपछिको समय माटोको नमुना संकलन गर्ने र माटो जाँच्ने उपयुक्त समय भएकोले आफ्नो खेत, बारीको माटो जाँच गरी माटोको स्वस्थताको अवस्था थाहा पाउनुहोस् ।
- सबै किसिमका फलफूल तथा तरकारी बालीहरुमा बिषादी छर्कदा विशेष सावधानी अपनाउनुहोस्। यसबारे विस्तृत जानकारी अनुसूची-७ मा दिइएको छ ।
- नर्सरी/ब्याड तयार गर्नुअघि माटोको निर्मलीकरण सौर्य उपचार (अनुसूची-८) विधिबाट गर्नुहोस् ।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। हाल मौरीको लागि उपयुक्त मौसम भएकोले घारको नियमित निरीक्षण गरी आधार चाकाहरु साथै सुपर (तल्ला) थप्ने व्यवस्था गर्नुहोस्। साथै घारको संख्या बढाउनु छ भने रानुको उपयुक्त व्यवस्था गरि मौरी गोला विभाजन गर्नुहोस् ।

# पशुपालन

## गाई, भैंसी, भेडा, बाख्रा

- बाह्य परजीवीहरू (जुम्रा, किर्ना, उपियाँ, जुम्रा आदि) ले बाख्राको स्वास्थ्यलाई गम्भीर असर पार्न सक्छन्। यी परजीवीहरूबाट बाख्रालाई जोगाउन डिपिङ विधि अपनाउनुहोस्। साथै आईभरमेक्टिन औषधिको सुई गाई, भैसि, भेडा र बाख्राको हकमा १ एम.एल प्रति ५० के.जी. शारिरिक तौलको दरले लगाउनुहोस ।
- डिपिङ प्रक्रिया: डिपिङ ट्याङ्की तयार गर्नुहोस् र आवश्यक बिषादी [जस्तै डेल्टामेथ्रिन (०.०५-०.१% घोल), साइपरमेथ्रिन (०.०५-०.१% घोल), वा अमिट्राज (०.०२५-०.०५% घोल)] को घोल बनाउनुहोस् र पशुहरुलाई पूरै शरीर डुब्ने गरी ट्याङ्कीमा प्रवेश गराउनुहोस्। कान, पुच्छर, खुट्टाको बिच भाग जस्ता संवेदनशील स्थानहरूमा औषधि पुगेको सुनिश्चित गर्नुहोस्। डिपिङपछि बाख्रालाई खुला ठाउँमा राखी सुक्न दिनुहोस्। गर्भवती बाख्राहरूलाई डिपिङ गर्दा विशेष ध्यान दिनुहोस् । परजीवी संक्रमणको अवस्था अनुसार २-३ हप्तामा एक पटक डिपिङ गर्नुहोस्।
- गर्मी मौसममा पशुवस्तुहरुलाई दिउँसोको समयमा पिउनको लागि चिसो पानीको राम्रो व्यवस्था मिलाउनुहोस्। त्यस्तै, चरनमा लगिने पशुवस्तुहरूलाई रुखको छहारी भएका स्थानहरुमा चराउनुहोस्। सम्भव भएसम्म मध्य दिनमा पशुवस्तुहरुलाई नचराउनुहोस। गोठ वा रुखको छहारी भएको स्थानमा बाँध्नुहोस्। दिउँसोको तापक्रम ३० डिग्री भन्दा बढि भएमा, १० लिटर भन्दा धेरै दुध दिने उन्नत जातका गाइभैंसीलाई दिउँसोको समयमा चिसो पानीले नुहाइदिनुहोस् र हावा लाग्ने स्थानमा बाँध्नुहोस्। यस्ता पशुवस्तुहरुलाई  दैनिक रुपमा, अन्य खनिजका साथै भिटामीन ई, भिटामिन सी र सेलेनियम भएका खनिजको समिश्रण प्रति जनावर ५० ग्राम र नून, ५० ग्राम, पनि खुवाउनुहोस्।
- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट जोगाउन, गोठ सुख्खा र सफा राख्नुहोस्। साथै, हरेक पटक दुध दोहिसकेपछि ग्लीसिरन र पोभिडिन आयोडिनको १:९ को अनुपातमा बनाईएको झोलमा कम्तिमा पनि ३० सेकेन्डसम्म थुन डुबाउने गर्नुहोस्। यसरी बनाईएको झोललाई सफा बट्टामा बिर्को बन्द गरी राखेमा पटक-पटक प्रयोग गर्न सकिन्छ।
- गर्मी बढेसँगै खोर,गोठमा सापेक्षित आर्द्रता कायम गर्नको लागि राम्रोसँग हावा आवत जावत हुने (भेन्टिलेशन) व्यवस्था गर्नुहोस्।
- पशुहरुमा किर्नाको टोकाईबाट लहुमुते रोग (प्रायः कफी रंगको वा रातो रंगको पिसाव फेर्ने; उक्त पिसाव आधा घण्टा जति सफा टेस्टटयूव/ शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले किर्नाबाट पशुहरुलाई जोगाउन बुटक्स २ एम.एल. प्रति लिटर पानीमा मिसाई किर्ना भएको ठाँउमा हप्तामा २ पटकको दरले ४ हप्तासम्म स्प्रे गर्नुहोस्।

## कुखुरा, हाँस, बंगुर

- गर्मी मौसममा कुखुरामा देखापर्ने लक्षणहरु जस्तै- चाँडो-चाँडो सास फेर्ने, पानी धेरै खाने, दाना कम खाने, पखेटा र खुट्टा फालेर बस्ने, अण्डा उत्पादनमा कमी आउने, खोरमा कुखराहरुको मृत्यु हुने आदी भएमा पर्याप्त भेन्टीलेसन प्रदान गर्ने, कुखुराको घनत्व कम गर्ने, तापक्रम अधिक रहेका बेला (दिँउसो १२-३ बजे सम्म) दाना नदिने, पर्याप्त मात्रामा सफा, चिसो पानीको व्यवस्था गर्नुहोस् । साथै, इलेक्ट्रोलाईट र मल्टी भिटामीन पानीमा राखेर दिनुहोस्।
- गर्मी मौसममा कुखुराको भालेको प्रजनन क्षमतामा कमी आउने हुनाले ब्रिडिङ्ग स्टकमा भालेको संख्या बढाएर १२-१५% सम्म राख्नुहोस्। साथै, दानामा भिटामीन-ई तथा सेलेनियमको मात्रा बढाउनुहोस्।
- कुखुरा र टर्कीहरुमा बाह्य परजीविको समस्या देखिएमा यसको उपचार तथा नियन्त्रणका लागि बुटोक्स ३ एम.एल. प्रति लिटर पानीका दरले मिसाई खोरको भित्र-बाहिर सबै स्थानमा राम्रोसँग भिज्नेगरि स्प्रे गर्नुहोस्।

## मत्स्यपालन

- प्रि-मनसुनको समयमा हुने तापीय आघात (thermal shock) तथा हावाहुरी, असिना पानीबाट बचाउन माछापोखरीमा पानीको गहिराई कम्तीमा १.५ मिटर कायम राख्नुहोस्।
- तराईका जिल्लाहरुमा सिल्भर कार्प जातका माछाको प्रजनन समय भएकोले प्रजनन कार्य सुरु गर्नुहोस्।
- तराई र मध्यपहाडका सरकारी तथा नीजि कार्प ह्याचरीहरुमा भुरा बिक्री भैरहेको हुँदा भुराको ढुवानी बिहान वा रातीको समयमा मात्र गर्नुहोस्। यसरी ढुवानी गरिएका भुरालाई लगेर पोखरीको पानीमा प्याकेट नखोली कम्तिमा ३० मिनेटसम्म वा पोखरीको तापक्रमसँग ढुवानी प्याकेटको पानीको तापक्रम ३ डिग्री भन्दा कम फरक हुने गरी तापक्रम अनुकूलन गराएर मात्र विस्तारै हुर्कौला पोखरीमा खन्याउनुहोस्। यसरी खन्याएको भुराहरूलाई २-३ घण्टा दाना नदिनुहोस्।
- माछालाई तनाव (Stress) रहित राख्न समय-समयमा पानी फेर्नुहोस् साथै पोखरीमा अक्सिजनको पर्याप्त मात्रा कायम राख्न ०.७५ के.भि.ए. क्षमताको ३-५ पेडल ह्विल प्रति हेक्टर जलाशयमा बिहान र बेलुका वायुयन्त्र (Aerator) को प्रयोग गर्नुहोस्।
- यस समयमा नर्सिङ्ग पोखरीमा ब्याक स्विमर कीराले माछा भुरामा क्षति पुर्याउने हुँदा १.५ कठ्ठा भुरा हुर्काउने पोखरीमा ८ लिटर डिजेल, २ लिटर डढेको मोबिल र ५०० ग्राम सर्फ मिसाई बनेको घोललाई हावा नचलेको बेला बिहानीपख चारै कुनामा पर्नेगरि छर्कनुहोस्। तत्पश्चात ४-५ घण्टा सो पानीको सतहलाई नचलाउनुहोस्।
- कार्प माछाको अण्डाबाट निस्केको ह्याचलिङलाई अनुसूची-९ मा दिईए अनुसार दानाको प्रयोग गर्नुहोस् ।
- ठुला भुरा तथा फिंगरलिंगको लागि सन्तुलित र २५ प्रतिशत प्रोटिन भएको दाना शारीरिक तौलको ४-५ प्रतिशतका दरले दैनिक दिनुहोस् । यसको लागि आवश्यक पर्ने दाना बनाउन चाहिने कच्चा पदार्थ र तिनीहरुको मिश्रण यसप्रकार छ ।

| कच्चा पदार्थ | मिश्रण प्रतिशतमा | | |
|---|---|---|---|
| | नमुना दाना - १ | दाना - २ | नमुना दाना -३ |
| भुटेको भटमासको पिठो | २५ | ३७ | |
| तोरीको वा बदामको पिना | २५ | ३५ | |
| धानको ढुटो | ३५ | २६ | ६२ |
| भिटामिन र मिनरल प्रीमिक्स | १ | २ | २ |
| वनस्पति तेल | ७ | | |
| माछाको धुलो | ७ | | १९.३ |
| रेशम कीराको प्युपाको धुलो | | | ६.७ |
| गहुँ वा चामलको पिठो | | | १० |

## घाँसेबाली

- टियोसेन्टि (मकैचरी), सामा लगायतका बर्षे घाँसहरु लगाउन शुरु गर्नुहोस्। जग्गा तयारीको बेलामा टिओसेन्टी, सर्गम र बाजरा घाँसको लागि १००० के.जी. कम्पोस्ट वा गोबरमल, १.८ के.जी. युरिया, ६.५ के.जी. डिएपी तथा ३.३ के.जी म्युरेट अफ पोटास प्रति रोपनीका दरले वा ६६६ के.जी. कम्पोस्ट वा गोबरमल, १.२ के.जी. युरिया, ४.३४ के.जी. डिएपी तथा २.२ के.जी म्युरेट अफ पोटास प्रति कठ्ठा दरले माटोमा राम्ररी मिलाउनुहोस् ।
- बोडीको लागि १२५० के.जी. कम्पोस्ट वा गोबरमल, १६५ ग्राम युरिया, ६.५ के.जी. डिएपी तथा २.५ के.जी म्युरेट अफ पोटास प्रति रोपनीका दरले वा ८३३ के.जी. कम्पोस्ट वा गोबरमल, ११० ग्राम युरिया, ४.३४ के.जी. डिएपी तथा १.६७ के.जी म्युरेट अफ पोटास प्रति कठ्ठा दरले माटोमा राम्ररी मिलाउनुहोस् ।

# कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. ध्रुवराज भट्टराई | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | raj01dhruba@gmail.com | ९८५१०३८५३९ |
| २ | नविन गोपाल प्रधान | बागवानी | राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ३ | सूर्य प्रसाद बराल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर | spbaral23@gmail.com | ९८४१५४८२८४ |
| ४ | राजेन्द्र कुमार भट्टराई | बाली बिज्ञान | राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ५ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ६ | डा. प्रदीप शाह | बाली बिज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ७ | सुदीप कुमार उपाध्याय | कीट बिज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ८ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| ९ | डा. नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| १० | डा. रोशन बाबु ओझा | माटो विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rbojha21@gmail.com | ९८५१२२८९१५ |
| ११ | डा. मुकुन्द भट्टराई | रैथाने बाली | राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक) | bhattaraimukunda2@gmail.com | ९८५१२२८४८६ |
| १२ | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| १३ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १४ | मुक्तिनाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | jha_mukti@yahoo.com | ९८६३३८२२५४ |
| १५ | कुमार मणी दाहाल | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | kumarmanidahal@gmail.com | ९८५१२२२९५५ |
| १६ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १७ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| १८ | चुरामणि भुसाल | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | bhusalchuramani12@gmail.com | ९८४५६३०४६१ |
| १९ | निला पौडेल | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | neelapaudel@gmail.com | ९८४१२४१७२८ |
| २० | विद्या महर्जन | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | bidhya159@gmail.com | ९८४१७७०६५१ |
| २१ | गोविन्द कुमार झा | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि.अ.बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |

# अनुसूची-१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

## Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No clouds in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागी कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राती) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## अनुसूची २ः सुख्खा छरुवा धान खेती प्रविधि

**मेशिनबाट सुख्खा धान छर्ने तरिकाः** जोतेर तयार पारिएको खेतमा मेशिनहरुबाट सुख्खा बीउ लगाउन सकिन्छ। पावर टिलरबाट चल्ने सिडडि«लबाट बीउ छर्नु भन्दा अगाडी नै खेतमा मलहरु (डि.ए.पी., युरिया र पोटास) हातैले छर्नुपर्दछ र बीउ मात्र मेशिनबाट छरिन्छ। यस मेशिनले एकै पटकमा जोताई गर्दै ६ लाइनमा समान गहिराईमा बीउ छर्नुका साथै सँगसँगै माटो सम्याउदै जान्छ। ट«याक्टरबाट चल्ने राइस ग्रेन प्लान्टर वा सिड कम फर्टिलाइजर ड्रिलहरुबाट पनि बीउ छर्नु भन्दा अगाडी युरिया र पोटास हातैले छर्नुपर्दछ। तर बीउ र डि.ए.पी. मल मेशिनको सहायताले समान गहिराइमा एकनासले छरिन्छ। त्यसपछि बीउ छोप्ने गरी माटो सम्याउनु पर्दछ। मेशिनबाट छरुवा धान लगाउन खेत समतल हुनु आवश्यक छ, खेतको सतह समतल पार्न पाटा लगाउन (सम्याउन) अथवा लेभलरको प्रयोग गर्न सकिन्छ।




**बीउको गहिराईः** पावर टिलर र जिरो टिल सिड कम फर्टिलाइजर ड्रिल दुइटै मेशिनबाट धानको बीउ छर्दा १ -१.५ इन्च मात्र गहिराई हुनुपर्दछ। यी दुईटै मेशिनमा गहिराई मिलाउने सुविधा हुन्छ। धेरै गहिरो बीउ खसालिएमा बीउ उम्रिदैन र बीउ जमीनको सतहमा नै भएमा पनि उम्रिने संख्या घटेर जान्छ तथा चराले खाई दिने समस्या पनि आउन सक्दछ।

**चिस्यानः** यी दुइटै मशिनबाट बीउ छर्दा खेत हिल्याइएको हुनु हुँदैन तर माटोमा प्रशस्त चिस्यान हुनुपर्दछ। ट्र्याक्टर अथवा पावर टिलरको चक्का नचिप्लिने गरी माटोमा चिस्यान भएमा बीउ राम्ररी उम्रिन्छ।

**छरुवा धान लगाउने समयः** मनसुनी वर्षा शुरु हुनु अघि अथवा जेठ महिनाभित्रमा धानको बीउ छरिसक्नुपर्दछ। तर, पानी जमेको अवस्थामा अर्थात् खेतमा हिलो भएको अवस्थामा मेशिनहरुबाट बीउ छर्न सकिदैन।

**धानको बीउ दरः** मेशिनबाट बीउ छर्दा कम बीउको आवश्यकता पर्दछ। एक कठ्ठा जग्गाको लागि सामान्यतया ७०० ग्राम देखि १ के.जी. सम्म राम्रो उमारशक्ति भएको शुद्ध बीउ भए पुग्दछ। मसिनो दाना भएको धानको बीउ कम र मोटो दाना भएको बीउ अधिक चाहिन्छ। मल्टीक्रप सिडर जसमा कप सिस्टम हुन्छ त्यसबाट बीउ छर्दा बीउको दाना फुट्ने सम्भावना हुँदैन, जबकि फ्लुटेड रोलरबाट बीउ छर्दा केही दाना फुट्ने भएको हुँदा २५% बीउको दर बढाउनु ठीक हुन्छ।

यसबारे विस्तृत जानकारी तथा प्राविधिक सल्लाहको लागि कृषि औजार अनुसन्धान केन्द्र, रानिघाट, बिरगंज तथा राष्ट्रिय कृषि-इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटारमा सम्पर्क गर्नुहोस्।

## अनुसूची ३ः धानको बीउ छान्ने विधि



चित्रः नुनपानीको घोलमा थिग्रेका र तैरिएका धानको बीउ

- तीन लिटर पानीमा मसिनो धानको लागि लगभग ५०० ग्राम र मोटो धानको लागि ६०० ग्राम नुन एउटा बाल्टीनमा राम्ररी घोल्ने।
- घोलिएको नुन-पानीमा एक किलोग्राम जति धानको बीउ खन्याउने, एकैछिन चलाउने र १-३ मिनेट जति बीउलाई तैरिन र थिग्रिन दिने।
- तैरिएका र थिग्रिएका बीउलाई अलग-अलग झिकेर छुट्टै राख्ने। बाँकी बीउलाई त्यसरी नै सोही नुन-पानीको घोल प्रयोग गर्दै छुट्याउने।
- बीउको मात्रा धेरै वा थोरै भए सोही अनुरुप नुन-पानीको घोलको मात्रालाई बढाउन वा घटाउन सकिन्छ।
- थिग्रिएको बीउलाई सफा पानीले २ पटक सफा गरी ब्याड राख्ने।
- छरुवा धान भए सिधै छर्ने। यसरी छानेको बीउलाई सोही दिन ब्याड नराख्ने वा नछर्ने भए बीउलाई पानीले पखाली छहारीमा राम्ररी सुकाएर राख्न सकिन्छ।
- तैरिएको बीउलाई पनि पानीले पखालेर र सुकाएर अन्य प्रयोजनमा ल्याउन सकिन्छ। नुन-पानीको घोललाई गाईभैंसीको कुँडो बनाउँदा प्रयोगमा ल्याउन सकिन्छ।
- बीउलाई  साफ, साफल वा  बेभिष्टिनले ३.० ग्राम प्रति के.जी. को दरले मिसाएर बन्द भाँडोमा वा बाल्टिनमा सबै दानामा लाग्ने गरी उपचार गर्ने। उपचार गरेको ३-४ दिनभित्र ब्याडमा बीउ राख्ने।

## अनुसूची ४ः धानबालीमा हरियो मलको रुपमा ढैंचा खेतीको ब्यवस्थापन

हरियो मलको रुपमा ढैंचा प्रयोग गर्दा माटोमा नाईट्रोजन स्थिरीकरण गर्नुका साथै माटोमा प्रांगारिक पदार्थको मात्रा थप्ने गर्दछ। विभिन्न अनुसन्धानबाट प्राप्त नतिजा अनुसार ढैंचा खेती गरेको खण्डमा बालीलाई आवश्यक पर्ने नाईट्रोजनको २५% भाग परिपूर्ति हुने हुनाले नेपालमा पाईने ढैंचाका जातहरु सेस्बानिया रोस्ट्राटा (Sesbania rostrata) र सेस्बानिया क्यानाबिना (Sesbania cannabina) धान खेती गर्नुभन्दा ४५ दिन अगाडि धान लगाउने खेतमा ४० के.जी. प्रति हेक्टरका दरले खनजोत गरि लगाउनुहोस्। यी मध्ये सेस्बानिया रोस्ट्राटामा त झन् काण्ड र जरामा समेत वायुमण्डलीय नाईट्रोजन सोसेर लिन सक्ने राईजोबियम ब्याक्टेरिया भएको गिर्खाहरु मौजुद हुन्छन् जसले नाईट्रोजन स्थिरीकरणको मात्रा बढाउछ। ढैंचा लगाएको ६-७ हप्ता (फूल फुल्ने अवस्था) पछि खेतमा पानी राखि बोटलाई जोत्न सजिलो हुनेगरि काट्ने र जोतेर माटोमुनि पारेर सडाउनुहोस्। यसरि सडाएर राखेको हरियो मल ढैंचाले ८०-१५० के.जी. नाईट्रोजन प्रति हेक्टर स्थिरीकरण गर्न सक्ने पाईएको छ।


## अनुसूची-५: धानबालीमा टपड्रेसका लागि आवश्यक युरियाको मात्रा

| | युरिया (कि.ग्रा/कट्ठा) | |
|---|---|---|
| अवस्था | २५-३० दिनपछि (गाँज आउने समयमा) | ५०-५५ दिनपछि (बाली पोटाउने बेला भन्दा अगाडी) |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | २.९ | २.९ |
| मध्य तराई (पर्सा देखि सप्तरी सम्म) | २.९ | २.९ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | ३.२ | ३.२ |
| सुदूरपश्चिम तराई (बाँके देखि कन्चनपुर सम्म) | २.५ | २.५ |
| भित्रि तराई (चितवन, मकवानपुर र नवलपुर) | ३.० | ३.० |
| वर्णशंकर | ३.६ | ३.६ |
| पहाडी भागमा (कि.ग्रा/प्रति रोपनी) | ३.८ | ३.८ |

## अनुसूची-६: मकैबाली लगाउने समयका लागि आवश्यक मलखादको मात्रा (के.जी. प्रति कट्ठा)

| | **खुला सेचित** | | | **वर्णशंकर** | | | **सबै जातहरुमा (ग्राम प्रति कट्ठा)** | |
|---|---|---|---|---|---|---|---|---|
| अवस्था | **युरिया** | **डीएपी** | **म्यूअपो** | **युरिया** | **डीएपी** | **म्यूअपो** | **जिंक सल्फेट** | **बोरेक्स** |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | १.७ | ४.४ | २.२ | ३.४ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| मध्य तराई (पर्सा देखि सप्तरी सम्म) | १.४ | ४.४ | २.२ | २.६ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | १.४ | ४.४ | २.२ | ३.४ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| सुदूरपश्चिम तराई (बाँके देखि कन्चनपुर सम्म) | १.४ | ४.४ | २.२ | २.६ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| भित्रि तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | १.७ | ४.४ | २.२ | ३.४ | ४.४ | ३.३ | ३१८ | ४७६ |
| पहाडी भागमा (प्रति रोपनी) | २.९ | ६.५ | ३.३ | ४.० | ६.५ | ५.० | ४७६ | ७१४ |

## अनुसूची-७: विषादीको प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरु




- सकेसम्म हरियो () र नीलो () लेबल भएको विषादी प्रयोग गर्नुहोस्।
- विषादीको डब्बामा उत्पादन र एक्सपाइरी मिति हेर्नुहोस्।
- सुरक्षित ठाउँमा विषादी राख्नुहोस्।
- सिफारिस गरिए अनुसारको मात्रा प्रयोग गर्नुहोस्।
- विषादी छर्कने वेलामा मुखमा मास्क, हातमा पञ्जा, खुट्टामा जुत्ता र शरीरको नाङ्गो भागमा कपडाले छोप्नुहोस्।
- सकभर कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला विषादी नछर्नुहोस्।
- कुनै पनि विषादी छर्दा जुन दिशाबाट हावा आएको छ त्यही दिशातिर फर्केर कहिल्यै छर्नुहुँदैन अर्थात् जुन दिशाबाट हावा वहेको छ सोही दिशातर्फ फर्केर विषादी छर्ने गर्नुहोस्।
- कुनै पनि विषादी छर्दा विषादी छर्दै अघि बढ्नु हुँदैन अर्थात पछि सर्दै आउनु पर्दछ जसले गर्दा विषादी छरिसकेको ठाँउमा चलाउन नपरोस्।
- कुनै पनि विषादी छरिरहँदा बिचैमा नोजल बन्द भयो भने मुखले फुकेर वा दाँतले खोल्ने गर्नुहुदैन।
- कुनै पनि विषादीको प्रयोग गरे पछि सकेसम्म पुरै शरिर नुहाउनु पर्दछ र हात खुट्टा नधोई कुनै खानेकुरा खान हुँदैन।
- विषादी प्रयोग गरीसकेपछि खाली बट्टा वा सिसी बटुलेर खाल्डोमा पुर्नुहोस् र प्रयोग गरेका उपकरणहरु धोएर राख्नुहोस्।
- विषादी छर्कदा टाउको दुख्ने वा वाक-वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरुन्त काम छोडेर खुल्ला हावामा केहीबेर बस्नुहोस्। यदि विष लागेको शंका लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जचाउनुहोस्।
- विषादीको किसिम हेरेर विषादी छरेको खेत जग्गाबाट ३ देखि १५ दिनसम्म कुनै पनि खानयोग्य बालीहरु उपभोग गर्न हुँदैन। साथै गाईवस्तु, कुखुरा आदि लाई पनि खुवाउन हुँदैन।
- विषादी प्रयोग गर्ने उपकरणहरु (स्प्रेयर) लाई प्रयोग गरीसकेपछि राम्रोसँग पखाली भण्डारमा राख्नुहोस्।

## अनुसूची-८: माटोको सौर्य उपचार विधि

चैत्र देखि जेठ महिनामा नर्सरी राख्ने ठाउँमा माटोमुनि बसेर बाली बिरुवालाई नोक्सानी गर्ने झारपात, जीवाणु, किटाणुहरुको व्यवस्थापन गर्न पारदर्शी प्लाष्टिकले माटोलाई छोपी सुर्यको प्रकाशको मद्दतले माटोको उपचार गर्न यो विधि उपयुक्त मानिन्छ। यसका लागि ब्याड बनाउने ठाउँमा राम्रोसँग खनजोत गरी माटोको डल्ला फुटाई मसिनो पार्ने, झारपात तथा ढुंगालाई हटाउने, आवस्यक पर्ने गोठेमल माटोमा मिलाउने र पानीको निकासको लागि कुलेसो बनाउनुहोस्। जमिनको सतहबाट एक बित्ता उठाएर १ मिटर चौडाई र आवश्यकता अनुसार लम्बाई भएको, बिचको भाग केही उठेको र दायाँ बायाँ केही भिरालो भएको ब्याड राख्नुहोस्। माटो सुख्खा छ भने ६ इन्च गहिरो भिज्नेगरी सिचाई गर्नुहोस्। यसरी तयार भएको ब्याडलाई २५०-३०० गेजको प्लाष्टिकले करिब २५ से.मी. प्लाष्टिक ब्याड भन्दा बाहिर हुनेगरी माटो कालो नुहुन्जेल (करिब ३ हप्ता) छोप्नुहोस्। ब्याड राख्नुभन्दा अगाडी माटोलाई कुटोको सहायताले हल्का चलाउने र करिब ४-५ दिनसम्म चिसो हुन दिई बीउलाई पुरै ब्याडमा एकै दिन छर्नुहोस्। बीउ छरिसकेपछि नउम्रेसम्म छापोको व्यवस्था गर्नुहोस्। यसरी उपचार गरेको माटो करिब ६ महिनासम्म ब्याडको रुपमा प्रयोग गर्न सकिन्छ।

## अनुसूची-९: कमन कार्प माछाको ह्याचलिंगलाई दैनिक दाना/आहारा दिने तालिका

| समय अवधि | दानाको प्रकार | दाना दिने दर | प्रति दिन |
|---|---|---|---|
| पहिलो हप्ता | सानो जु-प्लाङ्कटन, अन्डाको झोल, ३०-३५ % प्रोटिन युक्त पाउडर दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १५-२०% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन ४ वटा अन्डाको झोल, १०-१५ ग्राम तयारी दाना | ३-४ पटक |
| दोश्रो हप्ता | ठुलो जु-प्लाङ्कटन, ३०-३५ % प्रोटिन युक्त क्रम्बल नं. १ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १०-१५% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन २५०-२७५ ग्राम तयारी दाना | ३ पटक |
| तेश्रो हप्ता | ठुलो जु-प्लाङ्कटन ३०-३५ % प्रोटिन युक्त क्रम्बल नं. २ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ८-१०% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन ४५०-५०० ग्राम तयारी दाना | ३ पटक |
| चौथो हप्ता | ठुलो जु-प्लाङ्कटन ३०-३५ % प्रोटिन युक्त क्रम्बल नं. ३ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ५-१०% (प्रति एक लाख) ह्याचलिंगलाई प्रति दिन ७००-७५० ग्राम तयारी दाना | २-३ पटक |